# बोलपत्र आह्वानको सूचना

नेपाल सरकार

(अर्थ मन्त्रालय)

मोटर पार्ट्स आपूर्तिकालागि बोलपत्र आव्हन गरिएकोछ

(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७३।४।१९

**ठेक्का नं. MOF-01/073-74**...

१. नेपाल सरकार, अर्थ मन्त्रालय योग्य बोलपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत, आर्थिक वर्ष २०७३/७४ को लागि मोटर पार्ट्स खरिद गर्न यो बोलपत्र आह्वान गर्दछ ।

२. योग्यबोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:

अर्थ मन्त्रालय,,

स्टोर शाखा, टेलिफोन नं. ०१ ४२११३६१ / website www.mof.gov.np मा पनि हेर्न सकिनेछ ।

३. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु अर्थ मन्त्रालय,स्टोर शाखा, सिंहदरवारबाट सूचना प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र  लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु. ३०००। (तीन हजार)(फिर्ता नहुने) पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी गरिएको बोलपत्र अर्थ मन्त्रालय, सिंहदरवारमा २०७३।५।१७ गते १२.००बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्विकार गरिनेछैन ।

५. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा अर्थ मन्त्रालय, सिंहदरवारमा २०७३।५। १७ गते २.०० बजे खोलिनेछ । बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० (नव्बे) दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ । बोलपत्रको साथ रु. २००,००० । (दुइ लाख) बोलपत्र जमानत बापत को.ले.नि.का. भुक्तानी केन्द्र ४ सिंहदरवारको धरौटी खाता नम्बर १३५००१/०७३ कार्यालय कोड नम्बर २७–३०५–०७ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य वैंकहरुबाट अर्थ मन्त्रालयको नाउमा जारी भएको विडवण्ड पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अबधि बोलपत्रको मान्य हुने अबधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

७. बोलपत्र फाराम पेश गर्दा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०७१।७२ को कर चुक्ता प्रमाणपत्र, सरकारी निकाय वा संस्थाहरुमा विगत ५ (पाँच) बर्ष मोटर पार्ट्स आपूर्ति गरेको कार्य अनुभव प्रमाण र बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु बमोजिमका आवश्यक प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ ।

८. बोलपत्र प्रस्ताव स्वीकृत भएको फर्म वा संस्थाले बोलपत्रमा उल्लेख भए अनुसारको गुणस्तरीय सामान यस मन्त्रालयको आवश्यकता बमोजिम आपूर्ति गर्नु पर्नेछ ।

९. बोलपत्रदाताले SOR ( Specification of Requirements) मा उल्लेखित सम्पूर्ण मोटर पार्ट्सको लागि कबोल अंक उल्लेख गर्नुपर्नेछ,  आंशिकरुपमा उल्लेखित कबोल रकमलाइ स्वीकार गरिनेछैन ।

१०. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

११. यो सूचना र बोलपत्र सम्बन्धी कागजातमा स्पष्ट नभएका बिषयहरु प्रचलित कानून तथा सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।